प्रदेश सरकार
लुम्बिनी प्रदेश
शिक्षा, विज्ञान, युवा तथा खेलकुद मन्त्रालय
शिक्षा तथा सामाजिक विकास निर्देशनालय
# सामाजिक विकास डिभिजन कार्यालय
तानसेन, पाल्पा

फोन नः ०७५-५९००२०
ईमेलः sddopalpa@gmail.com
Web site: sddopalpa.lumbini.gov.np

प.सं. ०७८/७९
च.नं. १४८

मितिः २०७८।२।२५

श्री सम्पुर्ण माध्यमिक विद्यालय, पाल्पा र गुल्मी ।

**विषयः शिक्षक सामग्री निर्माण तथा प्रस्तुतीकरण प्रतियोगिता सम्बन्धी सुचना।**

प्रस्तुत विषयमा यस आर्थिक वर्षमा यस कार्यालयलाई प्राप्त स्वीकृत कार्यक्रम अन्तर्गत शिक्षकहरुका बिच **शिक्षक सामग्री निर्माण तथा प्रस्तुतीकरण प्रतियोगिता** सञ्चालन गर्नु पर्ने भएकाले पाल्पा र गुल्मी जिल्लाका सम्पुर्ण सामुदायिक माध्यमिक विद्यालय विज्ञान गणित विषय शिक्षणमा आवद्ध सम्पुर्ण शिक्षकहरुले विद्यार्थीहरुका लागि तपसिलमा उल्लेखित तथा पाठ्यक्रमको परिधिमा रही रुचिको क्षेत्रमा रचनात्मक, नवप्रवर्तनामत्क परियोजना (project) मा आधारित क्रियाकलाप निर्माण गरी प्रतियोगिको रुपमा सहभागी हुन २०७९।०३।०३ गते शुक्रबार कार्यालय समयभित्र दर्ता गराईसक्नु पर्नेछ । दर्ता प्रक्रियाका लागि यस कार्यालयमा उपस्थित भएर वा कार्यालयको इमेल ठेगाना sddopalpa@gmail.com मा पठाएर पनि दर्ता गर्न सक्नुहुनेछ।

१. पाठ्यक्रम अनुरुप सिकाई उपलब्धीका लागि प्रयोग गरिएको विधि र प्रविधिको प्रयोगका सामग्री निर्माण ।
२. शिक्षण सिकाईलाई अझै प्रभावकारी र परिष्कृत गर्नका लागि वनाइएका सन्दर्भ तथा पाठ्य सामग्रीको निर्माण ।
३. विज्ञान, गणित विषय शिक्षण सिकाईका लागि प्रयोगमा ल्याइएका प्रयोगात्मक तथा सैद्धान्तिक आधारमा निर्माण गरिएका वस्तुको प्रस्तुती ।
४. विद्यालय शिक्षामा गरिएको खोज अनुसन्धान तथा नव प्रवर्द्धनको क्षेत्रमा निर्माण गरिएका वस्तुको प्रस्तुतीका आधार र वस्तु निर्माण सम्बन्धी प्रस्तुती ।
५. विद्यालय शिक्षण सिकाईमा गरिएका असल र प्रभावकारी अभ्यासको निर्माण ।
६. विज्ञान, गणित विषय शिक्षण सिकाईलाई सहजीकरणका गर्न सकिने परियोजना निर्माण ।
७. विद्यालय शिक्षामा शिक्षण सिकाईलाई सहजीकरणका लागि सुचना र प्रविधिको भूमिका र प्रयोग सम्वन्धी परियोजना निर्माण ।
८. विद्यालमा शिक्षण सिकाई प्रभावकारीताको लागि अपनाइएका शिक्षण विधिको छनौट, ल्यावको प्रयोगको अवस्था, शिक्षकको उत्तरदायित्व र कर्तव्यका बारेमा तथ्यमा आधारित परियोजना निर्माण ।
९. प्रतियोगिताका परियोजनाहरु पाठ्यक्रममा निर्देशित तथा अन्य अनुसन्धानात्मक क्रियाकलापहरुमा आधारित परियोजना प्रस्तुतिमा नयाँ प्रविधिजन्य हुनुका साथै नयाँ प्रतिफल योग्य हुनुपर्नेछ।
१०. निर्मित परियोजनाहरुमा प्रयोग भएका विधि पद्धति र प्रविधिवाट मानवमा हुने तत्कालिन र दिर्घकालिन लाभ तथा त्यसबाट प्राप्तहुने प्रतिफलले देश विकासमा पुर्याउने टेवाका वारेमा जानकारी योग्य हुनु पर्नेछ।
११. परियोजनाको मुल्याङ्कनका लागि सम्बन्धित क्षेत्रका विज्ञ सम्मिलित परियोजना मुल्याङ्कन समिति गठन गरिएको हुनेछ र उक्त प्रतियोगिताको मुल्याङ्कनका आधार तथा मापदण्डहरु मुल्याङ्कन समितिको सहभागितामा निर्माण गरिनेछ।
१२. सहभागी शिक्षक भौतिक रुपमानै उपस्थित भई आफ्नो परियोजनाको विश्लेषण गर्नुपर्नेछ।

प्रदेश सरकार
लुम्बिनी प्रदेश
शिक्षा, विज्ञान, युवा तथा खेलकुद मन्त्रालय
शिक्षा तथा सामाजिक विकास निर्देशनालय

फोन नः ०७५-५९००२०
ईमेलः sddopalpa@gmail.com
Web site: sddopalpa.lumbini.gov.np

प.सं. ०७८/७९

# सामाजिक विकास डिभिजन कार्यालय

च.नं. ९४७

तानसेन, पाल्पा

---

१३. प्रतियोगिता पाल्पा र गुल्मी जिल्लाको छुट्टा छुट्टै समय र स्थानमा संचालन हुनेछ।

१४. प्रतियोगिता संचालन हुने मिति स्थान र समय नाम दर्ता मिति सकिएपश्चात सुचना प्रकाशन गरिनेछ।

१५. प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय स्थान हाँसिल गर्ने प्रतियोगिहरुले नगद पुरस्कारका साथै प्रमाणपत्र प्राप्त गर्नेछन्।

**नोटः केही जिज्ञासा भएमा कार्यालयको सम्पर्क नम्बर ०७५-५९००२०, ९८५७०७७६२१, ९८४७५३२९३६ मा सम्पर्क गर्न सक्नु हुनेछ।**

हरिलाल अर्याल
(कार्यालय प्रमुख)